संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २८ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:५० बजे प्रारम्भ भयो ।

त्यसपछि आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. मा० श्री दिपक गिरी
२. मा० श्री विष्णु प्रसाद पौडेल
३. मा० श्री महेन्द्र बहादुर शाही
४. मा० श्री शिशिर खनाल
५. मा० श्री रोसन कार्की
६. मा० श्री प्रकाश अधिकारी
७. मा० श्री प्रभु साह
८. मा० श्री अञ्जनी श्रेष्ठ
९. मा० श्री पदम गिरी
१०. मा० श्री गंगा कार्की
११. माा० श्री गिता बस्नेत
१२. मा० श्री प्रदिप पौडेल
१३. मा० श्री तारा लामा तामाङ
१४. मा० श्री सन्तोष चालिसे
१५. मा० श्री गगन कुमार थापा
१६. मा० श्री दिनेश कुमार यादव
१७. मा० श्री रुपा वि.क.
१८. मा० श्री कान्तिका सेजुवाल

त्यसपछि माननीय श्री ज्ञान बहादुर शाहीले नियमापत्ति गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री विरुद्ध सर्वोच्च अदालतमा युद्ध अपराधमा मुद्दा दर्ता भई जेठ ३० गते अदालतमा उपस्थित हुन समेत भनीसकेकोले प्रधानमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिई मार्ग प्रशस्त गर्नुपर्ने भन्नुभएपछि माननीय श्री माधव सापकोटाले नियमापत्ति गर्नुहँदै प्रतिनिधि सभा नियमावली, २०७९ को कुन नियम अन्तर्गत माननीय श्री ज्ञान बहादुर शाहीले सो कुरा राख्नु भएको हो स्पष्ट पार्नुपर्ने र देशको प्रधानमन्त्रीलाई उहाँले एकोहोरो रुपमा गैर राजनीतिक तरिकाले हुर्मत लिने कार्य गर्नुभएको भन्नुहँदै माननीय सदस्यको भनाई रेकर्डबाट हटाईयोस् भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय सदस्यहरुले राख्नुभएको विषयतर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको बाँकी कार्यक्रम सूचीबाट हटाएको व्यहोरा जानकारी गराउनु हुँदै आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नहरुको माननीय अर्थ मन्त्रीबाट जवाफ दिने कार्य बाँकी नै रहेकोले उक्त कार्यको लागि जेठ २९ गतेको दिन थप गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २९ गते सोमबार दिनको १:०० बजे बस्ने गरी दिनको ३:२५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव